# बैठक सञ्चालन कार्यविधि-२०७४

## अनुसूची-१

## बुदा नं. १२.२ संग सम्बन्धित

बैठक संख्या: १११

मिति: २०८१/०७/१३

अध्यक्षता: श्री ऋषिकेशव बुढामगर

**कार्यपालिकाका पदाधिकारीहरू:**

| | | |
|---|---|---|
| १. | श्री ऋषिकेशव बुढामगर | अध्यक्ष |
| २. | श्री सर्मिला बुढामगर | उपाध्यक्ष |
| ३. | श्री हेमराज घर्तीमगर | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |
| ४. | श्री हिरा प्रसाद बुढामगर | १ नं. वडा अध्यक्ष |
| ५. | श्री अभिलाषा रोका | २ नं. वडा अध्यक्ष |
| ६. | श्री जनक बुढा | ३ नं. वडा अध्यक्ष |
| ७. | श्री हिक्मत घर्तीमगर | ४ नं. वडा अध्यक्ष |
| ८. | श्री गोवर्धन घर्ति | ५ नं. वडा अध्यक्ष |
| ९. | श्री सुन कामी | कार्यपालिका सदस्य |
| १०. | श्री रामकली विश्वकर्मा | कार्यपालिका सदस्य |
| ११. | श्री पुन बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य |
| १२. | श्री सुमित्रा सुनार | कार्यपालिका सदस्य |

१३.	श्री बन्दना वि क	कार्यपालिका सदस्य

१४.	श्री जुन कुमारी पुन	कार्यपालिका सदस्य

**अन्य उपस्थिति:**

| | |
|---|---|
| १. भिमसेन बुढामगर | सूचना प्रविधि अधिकृत |
| २. देवदत्त रिजाल | प्रशासन पाचौं |
| ३. दिलबहादुर बुढा | प्राविधिक रोजगार सहायक |
| ४. यज्ञबहादुर घर्ती | ना प स्वा प्रा |
| ५. शिवकुमार ओली | खा पा स टे |
| ६. यज्ञ प्रसाद कँडेल | लेखा शाखा प्रमुख |
| ७. सरोज रोकामगर | कार्यालय सहयोगी |

**प्रस्तावहरू:**

१. कर्मचारीको जिम्मेवारी हेरफेर सम्बन्धमा,

२. अन्तिम लेखापरीक्षणको सम्परीक्षण सम्बन्धमा,

३. जलजला पर्यटन अन्तर्क्रिया कार्यक्रम सम्बन्धमा,

४. बजार अनुगमन निर्देशिका संशोधन सम्बन्धमा,

५. विद्यालयको जग्गा प्राप्ति सम्बन्धमा ।

**निर्णयहरू:**

**निर्णय नं. १.** प्रस्ताव नं १ माथि छलफल गर्दा मिति २०८१।०६।०९ गते बसेको कार्यपालिका बैठकले गरेको कर्मचारीको जिम्मेवारी हेरफेर सम्बन्धमा यथावत रहने केहि जिम्मेवारी बाहेक अन्य विषय देहाय बमोजिम हुने गरी सो

बैठकको निर्णयलाई संशोधन गरी देहाय अनुसार पुनः जिम्मेवारी तोक्ने निर्णय गरियो ।

**देहाय**

श्री अमृता गैरे सहायक (महिला विकास निरीक्षक) १ नं. वडा सचिव

श्री काजल थापा (बुढामगर) (ना प स्वा प्रा) २ नं. वडा सचिव

**निर्णय नं. २.** प्रस्ताव नं २ माथि छलफल गर्दा महालेखापरीक्षकको कार्यालयबाट भएको थबाङ गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को अन्तिम लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपर वृहत छलफल गरी देहाय बमोजिम सम्परीक्षणका लागि गर्ने गराउने निर्णय गरियो ।

**असुल उपर गर्नुपर्ने**

१) Nepal Audit Management System (NAMS) मा भएको प्रारम्भिक प्रतिवेदनको असुल उपर गर्ने भनी उल्लेख गरिएको विवरण ***असुल गर्नुपर्ने*** माथि छलफल गर्दा थबाङ गाउँपालिकाको स्थानीय पाठ्यक्रम निर्माण गर्ने प्रयोजनार्थ आर्थिक वर्ष २०७९।०८० मा स्थानीय पाठ्यक्रम निर्माण खर्च शीर्षकमा स्वीकृत भएको वार्षिक कार्यक्रम तथा निर्णायनुसार स्थानीय पाठ्यक्रमको निर्माण भई सोही बमोजिम निर्माण गरिएको पाठ्यपुस्तकको पालिकामा सरोकारवाला वर्गसंग छलफल गरी छपाई कार्य सम्पन्न भएकोमा पाठ्यपुस्तकको परीक्षण गरी विद्यालयहरुमा समेत वितरण गरी शैक्षिक वर्ष २०८० मा पठनपाठनको कार्य समेत भएको, सोहि सन्दर्भमा कानुङ प्रिन्टिङ प्रेस काठमाडौबाट १०००। (एक हजार) थान गेमी थबाङ पाठ्यपुस्तक शैक्षिक सत्र २०८०, २०८१ र २०८२ मा समेत प्रयोग गर्ने भनी छपाई भएको र उक्त पुस्तकको छपाई पश्चात गुणस्तर तथा शुद्धाशुद्धि समेत परीक्षण भएकोमा शैक्षिक सत्रको अन्त्यतिर पुनः उक्त पुस्तकमा केहि भाषा तथा सन्दर्भहरु (थबाङ, मिरुल र उवाको केही क्षेत्रगत भाषा थप गर्ने) थप्नुपर्ने/संशोधन आवश्यक भएको भनि शिक्षा समितिको राय बमोजिम थबाङ

गाउँपालिकाले निर्णय गरेकोमा सोहि बमोजिम उक्त पुस्तकमा संशोधन सहित शैक्षिक सत्र २०८१ का लागि पुनः पुस्तकको छपाई भएकोमा पहिले छपाई भएको शैक्षिक सत्र २०८० मा विद्यालयहरुलाई बाँडि बाँकि रहेको पुस्तक अझैसम्म सुरक्षित रहेको एवम ती पुस्तकहरु पालिकाले आफ्नो संग्रहालयमा सुरक्षित तरिकाले राख्ने भनी निर्णय गरेकाले उक्त शीर्षकमा असुल उपर हुने भनी कायम भएको रु ३,१९,९९९।० (तीन लाख उन्नाइस हजार नौ सय उनान्सय) बेरुजु रकम काम सम्पन्न भई परीक्षण पश्चात मात्र भुक्तानी भएकोले बेरुजुको रूपमा कायम नगरी लगत हटाइदिन महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गरी लेखि पठाउने निर्णय गरियो ।

२) Nepal Audit Management System (NAMS) मा भएको प्रारम्भिक प्रतिवेदनको असुल उपर गर्ने भनी उल्लेख गरिएको विवरण ***मोबिलाइजेसन पेश्की भुक्तानी*** माथि छलफल गर्दा पालिकाले दुलिडाँडा चालाबाङ सडक, बहुउद्देश्यीय भवन फिनिसिङ र प्रशासनिक भवन पर्खाल निर्माण कार्य गर्न क्रमश जय श्री तिरुपती कन्स्ट्रक्सन प्रा लि, न्युरन विल्डर्स एण्ड सप्लायर्स प्रा लि र टयु डाइमण्ड निर्माण सेवासंग सम्झौता गरेकोमा सम्झौताको बुँदा नं. ५७.१ मा प्रचलित कानून बमोजिम २०.०० प्रतिशत पेश्की रकम उपलब्ध गराउन सकिने भनी उल्लेख हुनुपर्नेमा सम्झौता तयार गर्ने क्रममा भुलबस ०.०० प्रतिशत (The advance payment shall be 0.00 %) हुन गएको तर सो प्रावधान पछिको वाक्यांशमा स्पष्टसंग (And shall be paid in two equal installments and to the contractor. Installments percentage requirement first 10th only when bank guarantee of 20 percent bid price of its paid. Second 10th only when work schedule, quality assurance plan insurance is submitted) लेखिएकोले पनि स्पष्ट रूपमा २० प्रतिशत रकम पेश्की दिन सकिने व्यवस्था देखिएको र सोहि अनुरुप मात्र पेश्कि दिइएकोमा २० प्रतिशत हुनुपर्नेमा भुलबस ०.०० प्रतिशत भएको उक्त सम्झौताको सो प्रावधान संशोधन गरी २० प्रतिशत सम्म पेश्कि दिन सकिनेछ भनिएकाले उक्त शीर्षकमा असुल उपर हुने भनी कायम भएको रु ६४,८८७।० (चौसट्ठी हजार आठ

सय सतासी) बराबरको बेरुजु रकम बेरुजको रूपमा कायम नगरी लगत हटाइदिन महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गरी लेखि पठाउने निर्णय गरियो ।

३) Nepal Audit Management System (NAMS) मा भएको प्रारम्भिक प्रतिवेदनको असुल उपर गर्ने भनी उल्लेख गरिएको विवरण ***घोराबाङ फुन्टिबाङ रोड ठेक्का नं. २/०८०/८१*** माथि छलफल गर्दा पालिकाले फुन्टिबाङ गुँरासे घोराबाङ सडक स्तरोन्नति कार्य गर्नका लागि आह्वान गरेको ठेक्कामा सबैभन्दा कम कबोल गर्ने निर्माण व्यवसायी छनोट भई कार्य भएकोमा सो कार्यका लागि गरिएको सम्झौता बमोजिम कार्य भइरहँदा सम्झौतामा उल्लिखित परिमाण बराबरको ह्युम पाइप निर्माण व्यवसायीले फिल्डमा ल्याएको तर फिल्डमा सो पाइप राख्दै जाँदा सम्झौतामा उल्लिखित संख्याभन्दा १ (एक) कम ह्युम पाइप राख्ने ठाउँमात्र भई एउटा ह्युम पाइप राख्नु नपर्ने देखिएकोमा सो ह्युम पाइप फिट नगरी फिल्डमै छोडिएको र सो को भुक्तानी समेत नदिई बाँकीको मात्र भुक्तानी दिइएकोले उक्त शीर्षकमा असुर उपर हुने भनी कायम भएको रु ९९,०००।० (उनान्सय हजार) बराबरको बेरुजु रकम बेरुजुको रूपमा कायम नगरी लगतबाट हटाइदिन महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गरी लेखि पठाउने निर्णय गरियो ।

४) Nepal Audit Management System (NAMS) मा भएको प्रारम्भिक प्रतिवेदनको असुल उपर गर्ने भनी उल्लेख गरिएको विवरण ***पन्ध्र शैयाको अस्पताल निर्माण*** माथि छलफल गर्दा नवौ रनिङ विलमा आइटम क्रम संख्या ९ मा २४४.१४ मेट्रिक टन स्टिल प्रयोग गरी रु २,९२,९७,१३८.७६।० भुक्तानी गरिएको छ, जसमा इन्जिनियरिङ नर्म्स अनुसार १ घनमिटर डन्डिमा ७८५० केजी हुन्छ, उक्त डन्डिको टोटल क्वान्टिटी ३१.१० घनमिटर कङ्क्रिटको क्वान्टिटी नभई डन्डिको क्वान्टिटी भएको र डन्डि र कङ्क्रिटको क्वान्टिटीमा कुनै पनि सम्बन्ध नभएकोले डन्डिको क्वान्टिटीलाई कडक्रिटको क्वान्टिटीबाट नघटाई भुक्तानी दिइएकोमा असुल उपर गर्ने भनि कायम भएको रु ६,८५,३०३।० (छ लाख पचासी हजार तीन सय

तीन) बराबरको बेरुजु रकम बेरुजुको लगतबाट हटाई सम्परीक्षण गर्न महालेखापरीक्षकको कार्यालयलाई लेखि पठाउने निर्णय गरियो ।

५) Nepal Audit Management System (NAMS) मा भएको प्रारम्भिक प्रतिवेदनको असुल उपर गर्ने भनी उल्लेख गरिएको विवरण ***इन्धन सुविधा*** माथि छलफल गर्दा लुम्बिनी प्रदेशको "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५" बमोजिम यस पालिकाका पदाधिकारी तथा सदस्यहरुलाई सुविधा उपलब्ध गराउँदै आएकोमा पालिकाद्वारा खरिद गरिएका मोटरसाइकल वडा कार्यालयले मिति २०८१।०२।२२ गते बुझिलिएको र उक्त सवारीका लागि आवश्यक इन्धन खर्च वार्षिक स्वीकृत कार्यक्रम- कार्यालय इन्धन तथा मर्मत खर्चबाट खर्च गरिएकाले उल्लिखित ऐन विपरीत दिइएको नभई वडा कार्यालयको मोटरसाइकलको लागि उपलब्ध गरिएको भएकाले वडाध्यक्षहरुलाई नियम विपरीत दिइएकोले असुल उपर गर्ने भनी कायम भएको रु १,६२,७९७।० (एक लाख बैसट्ठी हजार सात सय सन्तानब्बे) बराबरको बेरुजु रकम बेरुजुको लगतबाट हटाइ सम्परीक्षण गर्न महालेखापरीक्षकको कार्यालयलाई लेखि पठाउने निर्णय गरियो ।

<u>नियमित गर्नुपर्ने</u>

१) Nepal Audit Management System (NAMS) मा भएको प्रारम्भिक प्रतिवेदनको नियमित गर्नुपर्ने भनी उल्लेख गरिएको विवरण ***गाउँपालिका अनुदानबाट शिक्षकको तलब भत्ता भुक्तानी*** माथि छलफल गर्दा नेपालको संविधानको अनुसूची ८ को स्थानीय तहको अधिकार सूचीको क्र. सं. ८ मा <u>आधारभूत तथा माध्यामिक शिक्षा</u> र अनुसूची ९ को सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीको क्र. सं. २ मा <u>शिक्षा, खेलकुद र पत्रपत्रिका</u> को व्यवस्था गरिएको छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को (२) को ज. को (२१) मा <u>सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन नियमन</u> सम्बन्धमा पालिकाको अधिकारको

व्यवस्था गरेको छ । यसले संघीयताको प्रावधान र मर्मलाई स्पष्ट ढंगले आत्मसात गर्दछ । सोहि सन्दर्भमा पालिकाभित्र रहेको दुर्गम वस्ती एवम् भौगोलिक अवस्थाका आधारमा विद्यालयहरुमा अपुग रहेको दरबन्दीमा पालिकाले शिक्षक अनुदान दिई पठनपाठनलाई सहज बनाई बालबालिकाको शिक्षा सम्बन्धी अधिकारलाई स्थापित गर्न शिक्षक अनुदानको व्यवस्था गरेको हो । पालिकाको आफ्नो कम आयस्रोत रहेको अवस्थामा शिक्षक अनुदानका लागि आवश्यक बजेट माथिल्लो सरकारबाट पालिकालाई प्राप्त हुने राजस्व बाँडफाँडबाट दिने गरी पालिकाले व्यवस्था गरेको हो । यसले बालबालिकाले नजिकबाट शिक्षा प्राप्त गरी सभ्य समाजको निर्माणमा सहयोग गरेको छ र संघीयताको मर्म अनुसार विद्यालय शिक्षा सम्बन्धी पालिकाको अधिकारको विषयमा पनि महत्वपूर्ण सवाल स्थापित गरेको छ । पालिकाले आफूलाई प्राप्त हुने अन्य अनुदानको रकम प्रयोग नगरी राजस्व बाँडफाँडबाट खर्च गरी अनुदानमा शिक्षकको व्यवस्था गरेको र सो विषय नेपालको संविधान र प्रचलित कानून बमोजिम गरेको सन्दर्भमा अनियमित भएको भनी कायम भएको रु ६७,७०,३९०। (सतसट्ठी लाख सहत्तरी हजार तीन सय नब्बे) बराबरको बेरुजु रकम बेरुजुको रूपमा कायम नगरी नियमित गरी लगतबाट हटाइदिन महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गरी लेखि पठाउने निर्णय गरियो ।

२) Nepal Audit Management System (NAMS) मा भएको प्रारम्भिक प्रतिवेदनको नियमित गर्नुपर्ने भनी उल्लेख गरिएको विवरण ***करार कर्मचारी*** माथि छलफल गर्दा नेपाल सरकारले स्थानीय तह स्थापना भएपछि सोका लागि आवश्यक कर्मचारी तथा सो को संगठन संरचना स्वीकृत गरी कार्यान्वयन गरेको अवस्था छ । सोहि सन्दर्भमा थबाङ गाउँपालिकाको लागि स्वीकृत दरबन्दी संरचना अनुसारको पदपूर्तिका लागि मिति २०८०।०४।०१, २०८०।०७।२३ तथा अन्य विभिन्न मितिमा लुम्बिनि प्रदेश लोकसेवा आयोगमा लेखि पठाइएकोमा अझैसम्म सम्पूर्ण पदको पूर्ति हुन सकेको छैन । सोहि सन्दर्भमा लेखापरीक्षणको क्रममा मिति २०८०।०४।०१ र २०८०।०७।२३ को कर्मचारी माग गरिएको पत्र

प्रस्तुत/उपलब्ध गरिएको तर २०८०।०७।२३ को पत्रमै माग गरिएको कर्मचारीको थप विवरण प्रस्तुत/उपलब्ध गर्न छुटेको अवस्था छ । मिति २०८०।०६।१३ गते बसेको थबाङ गाउँपालिकाको ९४ औं कार्यपालिका बैठकले स्वीकृत स्थायी दरबन्दीमा पदपुर्तिका लागि लुम्बिनि प्रदेश लोकसेवा आयोगमा माग गरी पठाउने निर्णय गरे बमोजिम मिति २०८०।०७।२३ गते, च. नं. ४५० को पत्रमार्फत लुम्बिनी प्रदेश लोकसेवा आयोगमा पदपूर्तिका लागि माग आकृति फाराम पठाइएको र तत्काल पदपूर्ति नभएकोले पदपूर्ति नभए सम्मका लागि करार सेवामा नियुक्त गरी सेवा लिइएको र पदपूर्ति हुने बित्तिकै करारमा नियुक्त कर्मचारी स्वत: हटाइने भएकाले करार कर्मचारी शीर्षकमा नियम संगत नदेखिएको भनिएको रु ३१,१९,३४६।० (एकतीस लाख उन्नाइस हजार तीन सय छयालीस) बराबरको बेरुजु रकमको नियमित गरी बेरुजुको लगतबाट हटाइदिन उल्लिखित मितिको कार्यपालिकाको निर्णय र लोकसेवा आयोगमा माग गरी पठाइएको पत्रको छायाँप्रति समेतको विवरण पठाइ महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गरी लेखि पठाउने निर्णय गरियो ।

३) Nepal Audit Management System (NAMS) मा भएको प्रारम्भिक प्रतिवेदनको नियमित गर्नुपर्ने भनी उल्लेख गरिएको विवरण ***पालिका दर*** माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३(१) मा पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य, निर्माण सामग्री, ज्याला र भाडाको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने व्यवस्था छ । त्यसै गरी नेपालको सार्वजनिक खरिद नियमावली, २०६४ (तेह्रौं संशोधन) को नियम १४८ मा प्रत्येक जिल्लामा निर्माण कार्य र ढुवानीको दर रेट, मेशिन तथा उपकरण भाडा र कामदारको ज्याला प्रचलित बजारको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । उक्त ऐन तथा नियमावली बमोजिम रोल्पा जिल्लामा पनि जिल्ला दररेट निर्धारण गरिएको र रोल्पा जिल्लाको दररेट बमोजिम यस गाउँपालिकाले पनि आफ्नो निर्माण सामग्रीको स्थानीय दररेट, भाडा दररेट, कामदारको ज्याला, मेशिन तथा उपकरणको भाडा तोके बमोजिम ११० एचपिको मेशिन प्रतिघण्टा रु ६०००।, २०० एचपि सम्मको मेशिन प्रतिघण्टा रु ६५००।, ब्रेकर सहितको

एस्काभेटरको प्रतिघण्टा रु ७०००। र रु ७५०० निर्धारण गरेको दररेट र सडक विभागको नर्म्स प्रयोग गरी दर विश्लेषण गरिएको र सोही दर प्रयोग गरिएकोले नियमित गर्नुपर्ने भनी कायम भएको रु २४,०८,२०३। (चौबीस लाख आठ हजार दुई सय तीन) बराबरको बेरुजु रकम बेरुजुको लगतबाट हटाइ सम्परीक्षण गर्न महालेखापरीक्षकको कार्यालयलाई लेखि पठाउने निर्णय गरियो ।

४) Nepal Audit Management System (NAMS) मा भएको प्रारम्भिक प्रतिवेदनको नियमित गर्नुपर्ने भनी उल्लेख गरिएको विवरण ***उवाबेसी दाङसगा भङरङ सडक वडा नं. ५*** माथि छलफल गर्दा Clearance of landslide in soil and ordinary rock ५२०४ घ मि कार्य प्रति घ मि ९५ का दरले भुक्तानी दिइएको उक्त कार्य र गत आ व मा सोहि बाटोमा भएको कामको स्थान फरक भएकाले अघिल्लो आ व को ठेक्काको दायित्व भित्र नपर्ने भएको हुँदा (अघिल्लो आ व मा भएको कामको स्थान दाङसगा देखि नम्चिगुङ र यस आ व मा भएको काम बेसी देखि दाङसगा) उक्त कार्यको ठेक्का खोली काम सम्पन्न गराई प्राविधिक नापजाँच गरी तयार गरिएको नापी किताब अनुसार भुक्तानी गरिएकोले नियमित गर्नुपर्ने भनी कायम भएको रु ४,९४,३८०। (चार लाख चौरानब्बे हजार तीन सय असी) बराबरको रकम बेरुजुको लगतबाट हटाइ सम्परीक्षण गर्न महालेखापरीक्षकको कार्यालयलाई लेखि पठाउने निर्णय गरियो ।

५) Nepal Audit Management System (NAMS) मा भएको प्रारम्भिक प्रतिवेदनको नियमित गर्नुपर्ने भनी उल्लेख गरिएको विवरण ***पन्ध्र शैयाको अस्पताल निर्माण*** माथि छलफल गर्दा नेपाल सरकारद्वारा स्वीकृत १५ शैया अस्पतालको विस्तृत अध्ययन प्रतिवेदन (डिपीआर) मा डन्डिको लागत अनुमानमा समावेश गरिएको नर्म्स भन्दा ठेक्का खोलि भुक्तानी गरिएको नर्म्स फरक भएता पनि साइटमा काम गरे बमोजिम प्राविधिक नापजाँच गरी काम भएको क्वान्टिटीको मात्र भुक्तानी गरिएकोले नियमित गर्नुपर्ने भनी कायम भएको रु १२,०३,९२५। (बाह्र लाख तीन हजार नौ

सय पच्चीस) बराबरको रकम बेरुजुको लगतबाट हटाइ सम्परीक्षण गर्न महालेखापरीक्षकको कार्यालयलाई लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं.३.** प्रस्ताव नं. ३ माथि छलफल गर्दा रोल्पाका संघीय तथा प्रदेश सांसद एवम अन्य प्रतिनिधिहरुको उपस्थितिमा मिति २०८१।०७।१३ र १४ गते जलजलामा हुने जलजलाको पर्यटकीय पूर्वाधारको निर्माण, विकास र विस्तार सम्बन्धी सर्वपक्षीय अन्तरक्रिया कार्यक्रमको आयोजना गरी सोको व्ययभार पालिकद्वारा व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ४.** प्रस्ताव नं ४ माथि छलफल गर्दा

थबाङ गाउँपालिकाको बजार अनुगमन निर्देशिका, २०७५ लाई देहाय बमोजिम हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

***देहाय***

निर्देशिकाको बुदा नं. १४ मा भएको व्यवस्थामा (क) को पछि (क१) को रूपमा देहायको व्यहोरा थप्ने निर्णय गरियो ।

(क१) (क) बमोजिम भेटिएको वस्तु तथा सेवामा देहाय बमोजिम कारबाही गरिनेछ,

***देहायः***

खाद्य गुणस्तर म्याद सकिएको:

रु ५० भन्दा कम मूल्य भएको अखाद्य वस्तुको हकमा: रु ५।

रु ५० भन्दा बढी मूल्य भएको अखाद्य वस्तुको जम्मा मूल्यको २० प्रतिशत ।

व्यवसाय दर्ता नगरेको: पहिलो पटक अनुगमन गर्दा रु ५००।

दोस्रो पटक अनुगमन गर्दा रु १०००।

तेस्रो पटक अनुगमन गर्दा रु २०००।

चौथो पटक अनुगमन गर्दाः पसल सञ्चालन गर्न बन्द गर्ने ।

व्यवसायको नवीकरण नगरिएकोः रु ५००।

निर्देशिकाको बुदाँ नं. १६(ङ) मा भएको व्यहोरा संशोधन गरी देहायको व्यहोरा समावेश गर्ने निर्णय गरियो

बजार अनुगमन समितिमा खटिएका व्यक्तिहरुलाई खाजा बापतको भत्ता रकम रु १०००। का दरले दिनुपर्नेछ ।

**निर्णय नं. ५.** प्रस्ताव नं. ५ माथि छलफल गर्दा वडा नं. ३ को श्री बालविकास प्राथमिक विद्यालय पुतलीखानी जिल्ला रोल्पा साविक मिरुल गा.वि.स. वडा नं १ परिवर्तित थबाङ गाउँपालिका वडा नं ३ लाई पुनाराम बुढाको नाति धन प्रसाद बुढाको छोरा रोल्पा साविक मिरुल गा.वि.स. वडा नं १ परिवर्तित थबाङ गाउँपालिका वडा नं ३ बस्ने जनक बुढाले आफ्नो नाममा दर्ता श्रेस्ता रहेको रोल्पा थबाङ गाउँपालिका वडा नं ३ साविक मिरुल गा.वि.स. वडा नं १ मा पर्ने कित्ता नं १७१ को क्षेत्रफल ३४५ वर्ग मिटर पुरै रु १,९५,०००/- (अक्षरुपी एक लाख पन्च्चा नव्य हजार रुपैया मात्र) ऐ.ऐ.मा पर्ने कित्ता नं १७२ को क्षेत्रफल ३८५ वर्ग मिटरको पुरै जग्गा रु ७०,०००/- (अक्षेरुपी सहत्तरी हजार रुपैंया मात्र) गरी जम्मा २,६५,०००/- (दुई लाख पैसठ्ठी हजार रुपैंया मात्र) वडाका व्यक्तिहरुबाट सहयोग उठाई जग्गा खरिद गरेको हुदा उक्त जग्गा रजिष्टेशन पारित गर्नका लागि सो विद्यायलयका प्र.अ अमर बहादुर पुनलाई मालपोत कार्यालय लिबाङ रोल्पामा प्रतिनिधि खटाई पठाउने र उक्त विद्यालय स्थायी भएको हुदाँ राजश्व समेत मिनाहा गर्नका लागि समेत सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।